# बुटवल पावर कम्पनी (बिपिसी) र एनएमबि क्यापिटल लिमिटेडका बीच फर्दर पब्लिक अफर जारी गर्नकालागि सम्झौता सम्पन्न

बुटवल पावर कम्पनी लिमिटेडको ४०,८१,००० कित्ता (जसमध्ये ५ प्रतिशत अर्थात २,०४,०५० कित्ता शेयरहरु आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाकालागि निष्काशन गरिने) साधारण शेयरहरुको थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक अफर) को माध्यमबाट सार्वजनिक निष्काशन गर्ने कार्यकालागि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ति सम्बन्धी सम्झौता मिति २०७३ मंसीर ९ गते बिहिवार बिपिसीको बुद्धनगरस्थित कार्यकक्षमा सम्पन्न भयो । संझौतामा बिपिसीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री उत्तरकुमार श्रेष्ठ तथा **निष्काशन तथा बिक्री प्रबन्धकका तर्फबाट एनएमबि क्यापिटल लिमिटेड**का प्रमुख कार्यकारी अधिकृत श्री श्रीजेश घिमिरेले हस्ताक्षर गर्नुभएको छ । उक्त हस्ताक्षर कार्यक्रममा यस निष्काशनका लागि एनएमबि क्यापिटल लिमिटेडबाट सह निष्काशन तथा बिक्री प्रवन्धकका रुपमा नियुक्त लक्ष्मी क्यापिटल मार्केट लिमिटेडका तर्फबाट ईशा श्रेष्ठको पनि उपस्थिति रहेको थियो । उक्त साधारण शेयरको प्रति शेयर अंकित मूल्य रु. १००/- मा मूल्याङ्कनबाट आएको प्रिमियम थप गरी प्रति शेयर हुन आउने मूल्यमा थप सार्वजनिक निष्काशन गरिनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई निष्काशन गरिएको शेयर पूर्ण रुपमा बिक्री नभई बाँकी रहन गएमा सो बाँकी रहेको शेयर समेत सर्वसाधारणकालागि निष्काशन गरिने शेयर कित्तामा थप हुने छ ।

यसरी थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक अफर) वाट प्राप्त रकम कम्पनीले ३७.६ मेगावाट क्षमताको कावेली ए जलविद्युत आयोजना तथा ३० मेगावाटको न्यादी जलबिद्युत आयोजना निर्माणका लागि लगानी गरिने छ । ती आयोजनाहरु निर्माणका लागि बिपिसिको प्रत्यक्ष तथा अप्रत्यक्ष गरी ५४ प्रतिशत स्वामित्व भएको काबेली इनर्जि लिमिटेड र हाल बिपिसिको ९७ प्रतिशत स्वामित्व रहेको न्यादी हाइड्रोपावर लिमिटेडमा शेयर लगानी गर्न यो रकम उपयोग हुनेछ । ती दुबै आयोजनाहरुको वित्तीय व्यवस्थापन एवं पीपीए सम्पन्न भैसकेका छन् भने २०७३ साल पौष महिना भित्रै निर्माण कार्य शुरु गर्ने योजना रहेको छ ।